सैनामैना नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १) सैनामैना, फागुन महिना १० गते, २०७४ साल (संख्या ६

## भाग- १
## सैनामैना नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सैनामैना नगरपालिकाको नगरसभाबाट स्वीकृत ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सैनामैना नगरपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४

**प्रस्तावना :** नेपालको संविधान, २०७२ को अनुसूची-८ मा स्थानीय तहलाई दिइएका अधिकारहरूको कार्यान्वयनका लागि संघीय तथा प्रादेशिक कानूनहरू व्यवस्थित भइनसकेको सन्दर्भमा सैनामैना नगरपालिकामा केही आवश्यक कानून तर्जुमा गरी लागु गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “सैनामैना नगरपालिकाको केही कानून तर्जुमा र

व्यवस्थापन गर्न बनेको ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "नगरसभा" भन्नाले सैनामैना नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले सैनामैना नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर कार्यपालिका"भन्नाले सैनामैना नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "केही आवश्यक कानून" भन्नाले नगरपालिकाबाट तर्जुमा हुने केही आवश्यक कानूनलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आवश्यक कानून तर्जुमा सम्बन्धी व्यवस्था

**३. नगरपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्ने :**

(१) नेपालको संविधानले स्थानीय तहलाई दिइएका अधिकारहरू कार्यान्वयनको सन्दर्भमा संघीय तथा प्रादेशिक कानूनहरू व्यवस्थित नहुँदा सम्म नगरपालिकाले ती अधिकारहरू कार्यान्वयनका लागि आवश्यक कानून तर्जुमा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक कानून तर्जुमा गर्दा ऐनको हकमा नगरसभाबाट र नियम, निर्देशिका, कार्यविधिको हकमा नगर कार्यपालिकाले तर्जुमा गरी लागु गर्न सक्ने छ ।

**४ नियम, निर्देशिका, कार्यविधि तर्जुमा गर्न सक्ने :**

नगर कार्यपालिकाले दफा ३(१) को मान्यतामा प्रतिकूल नहुने गरी संविधानद्वारा आफूलाई प्रदत्त अधिकारहरूको कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी लागु गर्न सक्ने छ ।

**५. खारेजी र बचाउ :**

यस अघि यस नगरपालिकाबाट निर्माण भएका कानून यसै ऐन बमोजिम निर्माण भएको मानिने छ ।

आज्ञाले
कृष्ण प्रसाद भण्डारी
प्रमाणीकरण मिति : २०७४/११/०२ प्रमुख प्रशासकीय अधिकृत